# १ सारा जगत तथा अन्तरिक्षयमा भइरहेको महान् विवाद

*<u>यस अध्यायका मूल पदहरू</u>*: इजकिएल २८:१,२,११-१७, उत्पत्ति ३:१-७, प्रकाश १२:१-१७, रोमी ८:३१-३९ र प्रकाश १४:१२।

*<u>यस अध्यायको मूल सार पद</u>*: " 'तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो, र त्यसका बाँकी सन्तानसँग युद्ध गर्न गयो— अर्थात् तिनीहरूसँग, जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन्, र जससँग येशूको गवाही हुन्छन्। ' (प्रकाश १२:१७ रूपान्तरित-किङ्ग जेम्स बाइबल) *(कतिपय नेपाली बाइबलहरूमा प्रकाश १२:१७ केवल यो मात्र छापिएको छ: "अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो" परमेश्वरको आज्ञा पालन गर्ने र येशूको गवाही हुने भन्ने वाक्य हटाइएको छ"-विशेष गरेर नेपाल बाइबल सोसाइटीले मोबाइलको निम्ति बनाइएको बाइबलमा पद १८ हटाइ "अनि त्यो अजिङ्गर समुद्रको किनारामा खडा भयो" भनेर उल्लेख गरिएको छ-अनुवादकको टिप्पणी)।*

सारा जगत वा अन्तरिक्षमा भइरहेको कलहलाई कहिलेकाहीँ "महान् विवाद भनेर सम्बोधन गरिएको छ। जगत र पृथ्वीमा जे भइरहेको छ त्यो बाइबलले कसरी हेर्दछ भनेर त्यस "महान् विवाद"को बृतान्तले देखाउँदछ। हाम्रो नाट्यशालारूपी पृथ्वीमा परमेश्वर र शैतानको बीचमा भइरहेको नाटकको पृष्ठभूमिलाई यो विवादले खोलिदिन्छ। पाप, कष्ट, आतङ्क, पीडा, मृत्यु, राष्ट्रहरूको उदय र पतन, सुसमाचार प्रचार र अन्तिम दिनका घटनाहरू - यी सबै जगत वा अन्तरिक्ष विवादसँग सम्बन्धित छन्। (याद गर्नुहोस्: अन्तरिक्ष भन्दा केवल मानव विज्ञानले देखेका आकाश वा अनुसुन्धानको निम्ति सेटलाइटहरू पठाएर फोटोहरू पठाइएका विभिन्न ताराहरूको समूह वा देखिने अन्तरिक्षका भागहरूमात्र नभएर अरू धेरै अन्तरिक्षहरू छन् जुन बर्तमान मानव बिज्ञानको पहुँचमा छैन। ती स्थानहरूमा शैतानको जालमा नपरेका जीवहरू छन्। तिनीहरूले यस संसारमा परमेश्वरले देखाइरहनुभएको उहाँको प्रेम र शैतानको चर्तिकलालाई बढो चासोसाथ हेरिरहेकाछन्-अनुवादकको टिप्पणी)।

यस अध्यायमा केही निर्णायक स्थानहरूको बारेमा हेर्नेछौं जहाँ विवाद सुरू भयो। सिद्ध जीव लुशिफरको हृदयमा परमेश्वरप्रति विद्रोहको भावना सुरूमा किन र कसरी उत्पन्न भयो त्यो रहस्यमय नै छ। त्यसले गर्दा

लुशिफरमात्र होइन अरू सिद्ध स्वर्गदूतहरू साथै आदम र हव्वाको पनि पतन भयो। लुशिफर र हामीहरूको प्रथम पुर्खा आदम र हव्वाको पतन नै दुई निर्णायक विषयबस्तुहरू हुन् जसमा महान् विवाद वा कलहको जरा गाडिएकोछ र अहिले पनि परमेश्वरसँग शैतान नमिल्दा मानव पृथ्वी युद्धभूमिमा परिणत भइरहेको छ। यस संसारमा जन्मिने प्रत्येक मानव प्राणी त्यस कलह (नाटक)को कुनै न कुनै रूपमा पात्र हुन्। कोही पनि उम्कन सक्दैनन् |

असल र रसिलो समाचार त यो छ कि एक दिन यो नाटकीय झगडाको अन्त्य हुनेछ। खालि अन्त्यमात्र नभएर येशूले शैतानमाथि सधैंको निम्ति पूर्णरूपमा बिजय प्राप्त गर्नुहुनेछ। अझ राम्रो खबर त यो छ कि क्रूसमा येशूले जुन् काम हाम्रो निम्ति पूर्णरूपमा सम्पन्न गर्नुभयो त्यसले गर्दा हामी पनि त्यस बिजयमा सहभागि हुनसक्छौं। त्यो बिजयमा अहिलेदेखि सहभागि हुन परमेश्वरले हामीलाई आह्वान गर्नुहुन्छ। जब हामी येशूको आगमनको निम्ति निष्ठावान भएर पर्खेर बस्छौं तब हाम्रो विश्वास उहाँको वचन पालन गरेर बसोस् भन्ने परमेश्वरको चाहना छ।

## १. निष्खोट तथा सिद्ध जीवको पतन

यो संसार कुन गतिले हिँडिरहेको छ अर्थात् कस्तो अनिश्चित, त्रासपूर्ण, निराशामय तरिकाले चलिरहेको छ भनेर बुझ्न चाहन्छौं | परमेश्वर र शैतानको बीचमा भइरहेको महान् बिवादलाई बुझ्नुपर्छ। तर त्यसले धेरै प्रश्नहरू उब्जाउँछ।सबभन्दा महत्त्वपूर्ण र सबैको चासोको प्रश्न त यो छ, त्यो बिवाद कसरी शुरूभयो? परमेश्वर र शैतानको बीचमा कलह कसरी शुरूभयो जसले गर्दा तिनीहरूको युद्धभूमिमा हामी पनि होमिन वाध्य हुन गएका छौं। प्रिय, अनुग्रही र दयालु सृष्टिकर्ता परमेश्वरले यो संसार तथा जगत सृष्टिगर्नुभएको हुनाले दुष्ट, पापी, आतङ्क, हिंसा, एक आपसमा द्वन्द्व, झगडा वा बाझाबाझ आदि सृष्टिको जगमा थिएन भन्नु तर्कयुक्त छ वा मनासिब देखिन्छ। त्यसकारण यस जगतको बिवाद वा कलह सृष्टिको सुरूभन्दा बाहिरको मान्नुपर्छ र यो संसार सृष्टिभएकोले पाप आयो भन्न मिल्दैन (जसरी कुनै आमाले छोरा वा छोरी पाएपछि ती छोरा छोरी बिद्रोही भएर निस्कियो भने आमाले छोरा छोरी जन्माएको कारणले हो भन्न मिल्दैन न त आमालाई दोष दिनु नै उचित हुन्छ (अनुवादकको टिप्पणी)। यद्यपि, जगतमा भइरहेको कलह वा विवाद कुनै मनगढन्ते नभएर वर्तमान समयमा पनि चलिरहेको छ। यो वास्तविक छ र हामी जोसुकै भएतापनि जब हामी यस संसारमा जन्मिन्छौं त्यस कलहमा कुनै न कुनै रूपमा सहभागि भइरहेका हुन्छौं।

परमेश्वरले कुनै दाग नभएको, कुनै दोष नभएको शुद्ध बालक जस्तै निर्मल हृदय भएको लुशिफर सृष्टि गर्नुभएको थियो। तर पछि गएर उसमा के पारा चढ्यो वा के अस्वाभाविक कुरा उसले आफ्नो मनमा उब्जायो जसले गर्दा उसको पतन भयो र यस जगतमा पाप उत्पन्न भयो? हेर्नुहोस्, देहायका पदहरूः इजकिएल १८ जहाँ लुशिफरलाई एक सभ्यताले परिपूर्णभएको देश टुरोस र सिडोनको (आधुनिक लेबनान) राजासँग तुलना गरिएको छ) "१ परमप्रभुको यो वचन मकहाँ आयोः २ "हे मानिसको छोरो, टुरोसको शासकलाई भन्, "परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "तेरो हृदयको घमण्डमा तँ भन्छस्, "म एउटा देवता हुँ। म समुद्रको बीचमा एउटा देवताको सिंहासनमा बस्तछु! " तर तँ त एउटा मानिस मात्र होस्, देवता होइनस्, यद्यपि तैंले आफैलाई एक देवता जत्तिकै बुद्धिमान् सम्झन्छस्। ३ के तँ दानिएलभन्दा पनि बुद्धिमान् छस्? के तँबाट कुनै गुप्त कुरा लुकिएको छैन र? ४ तेरो बुद्धि र समझशक्तिले तैंले आफ्नो निम्ति धेरै धन-सम्पत्ति प्राप्त गरेको छस्, र तैंले आफ्ना भण्डारहरूमा सुन र चाँदी थुपारेको छस्। ५ व्यापारमा ठूलो निपूर्णता देखाएर तैंले आफ्नो धन-सम्पत्ति बढ़ाएको छस्, र तेरो धन-सम्पत्तिको कारण तेरो हृदय घमण्डले फुलेको छ। ६ "यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "तैंले आफूलाई एउटा देवताजत्तिकै बुद्धिमान् ठान्छस्, ७ यसकारण जाति-जातिहरूमा सबैभन्दा क्रूर विदेशीहरूलाई म तँकहाँ ल्याउनेछु। तिनीहरूले आफ्ना तरवार तेरो सौन्दर्य र बुद्धिको विरुद्धमा थुत्नेछन्, र तेरो चमत्कारपूर्ण गौरवलाई वारपार छेड्नेछन्। ८ तिनीहरूले तँलाई मृत-लोकमा पुऱ्याउनेछन्, र हिंसक वेगसित तँ समुद्रमा मर्नेछस्। ९ तब तँलाई मार्नेहरूका सामुन्ने के तँ अझै पनि "म देवता हुँ" भन्नेछस् र? तँलाई मार्नेहरूका हातमा तँ मानिस मात्र हुनेछस्, एक देवता होइन। १० विदेशीहरूका हातमा तँ बेखतनाको मृत्युमा मर्नेछस्। मैले यो भनेको छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ।" ११ परमप्रभुको यो वचन मकहाँ आयोः १२ "हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर, र त्यसलाई भन्ः "परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "तँ त सिद्धताको एक नमूना थिइस्, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। १३ परमेश्वरको बगैंचा अदनमा तँ थिइस्। हरेक बहुमूल्य पत्थरले तँ सिँगारिएको थिइस्। मानिक, पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले तँ आभूषित थिइस्। तेरा मणिघरहरू सुनले मोहोरिएका थिए, तँ सृजेको दिनमा नै ती तयार पारिएका थिए। १४ अभिभावक करूब )(स्वर्गदूत हुनलाई तँ अभिषेक गरिएको थिइस्, किनकि त्यसरी नै मैले तँलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तँ

थिइस्। अग्निमय पत्थरहरूका बीचमा तँ हिँड्थिस्। १५ तँ सृजिएको दिनदेखि
तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्। १६
तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्। यसैले मैले
तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले
तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ। १७ तेरो सुन्दरताले गर्दा
तेरो हृदय घमण्डले फुलियो, तैंले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट
पारिस्। यसैले मैले तँलाई जमिनमा फालिदिएँ। राजाहरूका अगि मैले तँलाई
तमाशा बनाइदिए। १८ तेरा धेरै पापहरू र बेईमान व्यापारद्वारा तैंले तेरा
पवित्रस्थानहरूलाई बिटुलो पारेको छस्। यसैले गर्दा मैले तँबाटै एउटा आगो
निकालिदिएँ, र त्यसले नै तँलाई भस्म पार्‍यो। तँलाई नियालेर हेर्नेहरू सबैका
दृष्टिमा मैले तँलाई जमिनमा खरानी तुल्याइदिएँ। १९ जाति-जातिहरूमा तँलाई
चिन्नेहरू तँलाई देखेर भयभीत हुन्छन्। तँ एक डरलाग्दो अन्त्यमा आइपुगेको
छस्, र तँ फेरि कहिल्यै रहनेछैनस्। २० परमप्रभुको यो वचन मकहाँ आयो:
२१ "हे मानिसको छोरो, सीदोनतिर तेरो मुख फर्का, र त्यसको विरुद्धमा यो
अगमवाणी गर, २२ र भन्: परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ: "हे सीदोन, म
तेरो विरुद्धमा छु, तँभित्रै म महिमा प्राप्त गर्नेछु। जब म त्यसलाई दण्ड दिनेछु, र
मेरो पवित्रता त्यसभित्रै प्रकट गर्नेछु, तब तिनीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछन्। २३ म त्यसमाथि एउटा रूढ़ी पठाउनेछु, र त्यसका गल्लीहरूमा म
रगत बगाउनेछु। त्यसका चारैतिर त्यसको विरुद्धमा भएको तरवारले
मारिएकाहरू त्यसभित्रै ढल्नेछन्। तब म नै परमप्रभु हुँ भनी तिनीहरूले
जान्नेछन्।" र यशैया १४:१२-१५ "१२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ
स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी
भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा
उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु।
पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान
हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च
परमेश्वर जत्तिकै बनाउनेछु।" १५ तर तँ चिहानसम्म, खाड़लको तल्लो
गहिराइसम्मै होच्याइस्।"

लुसिफर स्वर्गमा बस्ने एक कलङ्करहित सिद्ध जीव थियो। उसमा कुनै खराब तत्व वा भावना वा नियत शुरूमा थिएन। परमेश्वरको सामुन्ने प्रेमिलो र आत्मिक वातावरणमा रहेको लुशिफरमा परमेश्वरप्रति विद्रोह वा खराब भावना कसरी उत्पन्न भयो? यथार्थमा हामीलाई थाहा छैन। त्यसकारण

पापको मामिला वा परमेश्वरबाट अलग हुने स्वभावलाई बाइबलले सायद "पाप वा अधर्मीको रहस्य" (२ थेसलोनिकी २:७) भनेर सम्बोधन गरेको हुनुपर्छ।

परमेश्वरले प्रत्येक जीवलाई आआफ्नो क्षमता अनुसार बुद्धि दिनुभएको छ। त्यो क्षमतालाई परमेश्वरले नियन्त्रण गर्नुहुन्न। आत्मनिर्णय, विवेक वा सोच्ने स्वतन्त्रता परमेश्वरले सृष्टि गर्नु भएको प्रत्येक प्राणीको हक हो। त्यो भन्दा वाहेक लुशिफरको दिमागमा परमेश्वरबाट पतित हुनुपर्ने अवस्थाको कुनै कारण वा तर्क छैन। एलेन जी व्हाइटले पापको उत्पति बारेमा अत्यन्तै गहिरो सोच व्यक्त गर्छिन्ः "पाप किन र कसरी उत्पन्न भयो भनेर व्याख्या गर्न असम्भव छ। पाप अतिक्रमित वा जबरजस्ती भित्राइएको तत्व हो। लुशिफरको दिमागमा होस् वा यस संसारमा होस् पाप घूसपैठ भएको हो। यसको उपस्थिति वा अस्तित्वको कुनै कारणै छैन। यो रहस्यमय छ। यसको लेखाजोखा दिन आवश्यक छैन। कुनै वहाना बनाएर पापलाई पोसाएर राख्नु भनेको पापको पक्षमा बोल्नु हो। यदि पाप गर्नुपर्ने कारण भेटियो भने र त्यसको अस्तित्वलाई देखाउन सकियो भने पाप समाप्त भएको ठहरिन्छ। - *महान विवाद,* पृ ४९२,४९३बाट रूपान्तरित।

पाप भन्ने शब्दलाई खराब, दुष्ट वा अधर्मले सात्नुहोस्। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावनासँग मिलेकै हुन्छ। हो पापको उत्पत्ति कसरी भयो भनेर व्याख्या गर्न असम्भव छ यदि व्याख्या गरियो भने त्यसको अस्तित्वको कारण दिइने हुन्छ। दुष्ट घुसपैठ भएको तत्व हो र उसको अस्तित्वको कुनै कारण छैन। पाप हुनुपर्छ भन्ने छैन। यो रहस्यमय र यसको लेखाजोखा दिन आवश्यक छैन। यो यो कारणले पाप आयो भनेर भन्न सकियो भने यसको अस्तित्व मनासिब भएको देखिन्छ। यदि पाप आउनुपर्ने केही बहाना देखाउन सक्यो भने पाप पाप हुनबाट रोकिन्छ।

**विवेकको स्वतन्त्रता वा आत्मनिर्णयको स्वतन्त्रताको बारेमा सोचेर आफ्नै अनुभवलाई केलाउनुहोस्। यस संसारमा रहदा के कुरा लिनुपर्छ वा पर्दैन, मान्नुपर्छ वा पर्दैन वा निर्णय गर्नुपर्छ वा पर्दैन भन्ने कुरा प्रार्थनापूर्वक सोचेर होसियारीसाथ लाग्नु किन जरुरी छ ? विचार गर्नुहोस् |**

## २. दिमागमा अटाउन सक्ने भन्दा वढी ज्ञान |

यस संसारमा पाप र खराबको शुरुवात कसरी भयो भनि हामीले व्याख्या गर्न नसकेपनि (किनकि परमेश्वरको राज्यमा यसको उपस्थितिको कुनै औचित्य छैन), धर्मशास्त्र बाइबलले खुलाउँदछ कि स्वर्गमा नै रहेको बेलामा लुशिफ़रको हृदयबाट पाप सुरू भयो । एलेन जी व्हाइटलले पापको बारेमा

बिभिन्न भित्री ज्ञानहरू आफ्नो लेखन सामग्रीमा प्रस्तुत गर्नुभएको छ। तर ती बाहेक धर्मशास्त्रमा पाप स्वर्गमा कसरी शुरुभयो भन्ने विषयमा हामीलाई धेरै बताइएको छैन। यद्यपि पापको गतिविधि यस संसारमा कसरी फैलियो भनेर बाइबलले स्पष्टरूपमा वर्णन गरेको छ।

**यस पृथ्वीमा पापलाई भित्र्याउन र त्यसको जरा गाड्न आदम र हव्वालाई कसले उक्सायो भनेर उत्पत्ति ३:१-७मा उल्लेख गरिएको छ। हेर्नुहोस्: "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ? २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, "त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौं।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वर (वा देवताहरू)जस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।" (उत्पत्ति ३:१-७)।**

यहाँ धेरै दुःखलाग्दो कुरा के छ भने तिनीहरूको निम्ति परमेश्वरको आदेश के हो भनि हव्वालाई थाहा थियो। उनले सो आदेश दोहोऱ्याएकी थिइन् | “"परमेश्वरले भन्नुभएको छ "तिमीहरुले यसलाई नखानु न त यसलाई छुनु नै, नत्र तिमीहरू मर्नेछौ।" धर्मशास्त्रले त्यस फललाई नछुनु भनेर केही बताइएको छैन भनेर हामीलाई थाहा छ ।तर त्यस रुखको फललाई खाएमा मृत्यु हुन्छ भन्ने सत्य कुरचाहि उनलाई थाहा थियो ।
त्यसपछि शैतानले लाज पचाएर खुल्लारुपमा हव्वाले भनेका कुरालाई काटयो "सर्पले स्त्रीलाई भन्यो "तिमी मर्दैमर्दैनौ।" ( उत्पत्ति ३:४ रूपान्तरित)।

शैतानले परमेश्वरको आदेशलाई नाङ्गोरूपमा हमला गरेको थियो। बढो चलाखिका साथ शैतानले पहिला हव्वाको ध्यान आफूतिर तान्यो र हव्वा भाग्न नखोजेको भेट्टाएपछि उसले परमेश्वरको आदेशलाई खुलेर चुनौति दियो। अत्यन्त दुःखलाग्दो कुरा के थियो भने हव्वाले के गरिरहेकी थिइन सो उनलाई

थाहा थियो। परमेश्वरको वचनलाई उनले बुझ पचाएकी थिइन्। "मलाई थाहा थिएन, मलाई थाहा थिएन।" भनेर उनी पछि हट्न चाहिन।

हव्वाले थाहा पाउँदा पाउँदै उनले शैतानको छलमा फसेर रूखको फल खाइन् र गलत बाटो रोजिन्। अदनको जस्तो सिद्ध, रमाइलो वातावरणमा पनि ज्ञानले पाप गर्नबाट रोक्न सकेन (आदमलाई पनि के सत्य हो सो थाहा थियो) भने हामीलाई ज्ञान भए पुगिहाल्छ नि भनेर अनेकौं ज्ञान, वाद वा दर्शन प्राप्त गर्नसके पापबाट उद्धार भइहाल्छ नि भन्ने मूर्ख्याईमा हामी पर्नुहुन्न। **हो, हामीलाई परमेश्वरको वचन**को आवश्यकता छ। हाम्रो जीवनमा परमेश्वरको आज्ञा के हो सो आत्मज्ञान पाउन जरुरी छ। आत्मज्ञानको साथ साथै हामीले परमेश्वरको वचनमा समर्पित हुनुपर्छ र उहाँले देखाउनुभएको सत्य अनुसार चल्ने हाम्रो चाहना हुनुपर्छ।

**परमेश्वरले एक थोक भन्नुभयो, शैतानले अर्कै थोक। परमेश्वरको बारेमा सत्य ज्ञान थाहा पाउँदा पाउँदै आदम र हव्वाले शैतानको कुरा सुन्ने निर्णय गरे। तिनीहरूको त्यो गल्तीलेगर्दा हजारौं वर्षसम्म मानिसहरूले कसरी दुःख पाइरहेका छन् र शैतानको कुरा सुन्ने बानीमा अझै पनि खास सुधार आएको छैन। हामीले पनि त्यही खालको भूल नगर्न कसरी सतर्क हुने?**

## ३. स्वर्ग र पृथ्वीमा महान् युद्ध

हाम्रो पहिलो मातापिता आदम र हव्वाको पतनले संसारलाई पाप, दुष्ट र मृत्युमा डुबायो। यस संसारमा पाप भित्रिन पुग्यो र त्यसको भयानक नतिजाहरूको तत्कालीन कारणहरूसँग मानिसहरूले बादबिवाद गर्न सक्छन् र असहमति पनि जनाउन सक्छन्। कसको दोषले यहाँ पाप भित्रियो भनेर तर्कवितर्क गर्न सक्छन्। तर सारा मानिसहरूको जीवनमा भइरहेको सामाजिक, आर्थिक, शारीरिक, आत्मिक उथलपुथल, हिंसा र द्वन्द्वको वास्तविकतालाई कसले अस्वीकार गर्न सक्छ र? यसले हामी सबैलाई पीडादायी बनाएको छ छैन र?

हामी जगतमा भइरहेको विवाद वा परमेश्वर र शैतानको बीचमा भइरहेको मतभिन्नताको बारेमा चर्चा गर्छौं। यो महान् विवाद सत्य छ र संसारको सेरोफेरोमा त्यो धारणा मनासिब भएको देखिन्छ। तर परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादको उत्पत्ति जहाँ वा जहिले भएतापनि यो पृथ्वी त्यस विवादको युद्धभूमि भइरहेको छ। अदनको बगैंचामा भएको पतनदेखि लिएर यस युगको अन्तमा हुने विभिन्न घट्नाहरूसम्म र येशूको आगमनको बारेमा बाइबलमा लेखिएको बृतान्तलाई परमेश्वर र शैतानको

बीचमा भइरहेको महान् विवाद वा युद्धको इतिहास भनेर कहलाइन्छ। यस संसारमा जन्मिने प्रत्येक मानव प्राणी कुनै न कुनै रूपमा परमेश्वर र शैतानको बीचमा भइरहेको महान् वैचारिक युद्धमा सहभागी भइरहेको हुन्छ। यस संसारमा भइरहेको शैतानको नाच, मानिसहरूलाई आतङ्कित बनाउने चर्तिकला र मानव जगतमा परमेश्वरले खेलिरहनुभएको भूमिका र सधैंको निम्ति हुने युद्धको अन्तको  बारेमा बाइबलमा खुलस्तरूपमा व्याख्या गरिएको छ।

**परमेश्वर र शैतानको बीचमा भइरहेको नाटकीय युद्धको पर्दा प्रकाश १२:१-१७मा उघारिएको छ। स्वर्गबाट सुरू भएको लडाईं यस पृथ्वीमा कसरी सारियो भनेर उक्त अध्यायले चित्रण गरेको छ। पढ्नुहोस्: "१ स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरिएकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा बाह्र वटा ताराको मुकुट लाएकी थिई। २ त्यो गर्भवती थिई, र जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई। ३ अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सात वटा शिर, दश वटा सिङ र शिरमा सात वटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पर्‍यो। ४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। ६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो। ७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो। त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए। १० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ "यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ।**

**तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" १३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो। १५ त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई सहायता गऱ्यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो। १७ अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो। (कतिपय नेपाली बाइबलमा निकालिएको हरफः तब त्यो अजिङ्गर त्यो स्त्रीसँग क्रोधित भयो र त्यसका बाकी सन्तानसँग युद्ध गर्न गयो-अर्थात् तिनीहरूसँग जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन् येशूको गवाही दिन्छन्। अनि त्यो अजिङ्गर समुद्रको किनारमा खडा भयो)।**

स्वर्गमा भएको लडाइँ उक्त अध्यायले उघारिदिएको र त्यो युद्ध यस पृथ्वीमा कसरी सारियो भनेर पनि देखाइएको छ। पहिलो युद्ध त्यो राक्षसरूपी अजिङ्गर वा शैतान र मिखायल (हिब्रू भाषामा यसको अर्थः "परमेश्वर जस्तो को हुनुहुन्छ र?" हो)को बीचमा भएको थियो। । केवल सृष्टि गरिएको जीव लुशिफर शैतान भएर सृष्टिकर्ता येशूसँग (हिब्रू १:१,२, यूहन्ना १:१-४) युद्ध गऱ्यो र ऊ बागी अर्थात् विद्रोही भएर निस्क्यो।

यथार्थमा लुशिफर शैतान कसरी भयो त? उसले आफ्नै सृष्टिकर्ता परमेश्वरसँग विद्रोह गरेर स्वर्गका एक तिहाइ स्वर्गदूतहरू उसको पक्षमा ल्यायो। परमेश्वरको सिहासन उसले ताक्यो र सारा जगतको मालिक हुने सुर उसमा आएको थियो। धर्मी र पापीहरूको युद्ध कुनै पुराण वा मिथक अनुसार कुनै देवीदेवताहरूको बीचमा भएको होइन भनेर बाइबलको देखाउँदछ। तर सृष्टि गरिएको जीवले सृष्टिकर्तामाथि बिद्रोह गरेको हो भनेर बाइबलले खुलाउँछ। शैतानले सृष्टिकर्तामाथि मात्र होइन सृष्टिमाथि पनि हमला गरेको र अहिलेपनि गरिरहेको कुरा बाइबलको इतिहास र वर्तमानका घटनाहरुले बताउँछ।

स्वर्गमा ख्रीष्ट विरुद्धको युद्धमा पराजित भएपछि शैतानले भर्खरै मानवरूपमा जन्मनुएको येशूको पछि लागेर उहाँलाई नाश गर्न खोज्यो (प्रकाश १२:४)। कलिलो बालक येशूलाई राजा हेरोदमार्फत मार्न शैतान असफल

भयो, उजाड स्थान अर्थात् मरुभूमिमा येशूलाई गरिएको परीक्षामा शैतानले हार खायो र कलबरीमा शैतानको शिर सदाको निम्ति झुक्यो। तर घाइते सिंह जस्तै शैतानले येशू ख्रीष्टका जनहरूसँग युद्ध गर्न अग्रसर भयो। इसाई इतिहासमा परमेश्वरका जनहरूमाथि इसाई भनाउँदाहरूद्वारा नै शैतानले युद्ध गरिको थियो र त्यो युद्ध अन्तिम समयसम्म जारी रहिरहनेछ (प्रकाश १२:१७)। जब सम्म शैतानको शिर वास्तविक रूपमै कुल्चाइएर सदाको निम्ति उसको अस्तित्व खतम हुँदैन तब सम्म शैतानले परमेश्वरका जनहरूसँग कुनै न कुनै रूपमा लडाईँ गरि नै रहेको हुन्छ। क्रुसपछि शैतानको दोस्रो र अन्तिम पराजित त्यसबेला हुनेछ जब येशू दोस्रो पल्ट आफ्नो महिमामा यस संसारमा ओर्लनुहुनेछ।

**शैतानले परमेश्वरका जनहरू र समस्त मानवप्राणीहरूसँग युद्ध गरिरहेको र द्वन्द्व मच्चाएर मानव जगतलाई अन्धकार वातावरणमा घचेटिरहेको विवरण बाइबलका विभिन्न पदहरूमा उल्लेख गरिएको छ। तैपनि त्यस अन्धकार द्वन्द्वको बीचमा प्रकाश १२:१-१२ले हामीलाई कस्तो खालको आशाको किरण देखाइएको छ? हेर्नुहोस्: "१० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।"**

## ४. तिमीहरूसँग म सधैं रहनेछु, अन्तसम्म नै

चर्चको इतिहासको प्रमुख भागमा परमेश्वरका जनहरूले शैतान र उसलाई प्रतिनिधित्व गर्ने धार्मिक निकायले दुःख, कष्ट र सतावटको सामना गर्नुपर्नेछ भनेर प्रकाशको पुस्तकले भविष्यवाणी गरेको छ। प्रकाश १२:६ (प्रकाश १२:१४ समेत)मा उल्लेखित १२६० दिनको भविष्यवाणीका दिनहरूलाई १२६० वर्षसम्म परमेश्वरको वचनमा मात्र अडिग रहने चर्चको बिरुद्धमा युद्ध छेड्नेछ भनेर औंल्याइएको छ।

"पावललाई सम्राट निरोले सहिद बनाएको समयदेखि शताव्दीयौं सम्म कुनै न कुनै रूपमा परमेश्वरका जनहरूले भयानक सतावटको सामना

निरन्तररूपमा गर्नुपरेको थियो। अत्यन्त भयानक अपराधहरूको दोष इसाईहरूमाथि खन्याइएको थियो। फेरि अनेकौं प्राकृतिक प्रकोपहरूलाई सृजना गर्न इसाईहरू नै दोषी छन भनेर मनगढन्ते अभियोग लगाइएको थियो। रोममा भएको अनिकाल, रोगव्याधी र भूकम्पहरू इसाईहरूकै कारणले भएका हुन् भनेर बेकारमा दोष लगाइएको थियो। इसाईहरू सार्वजनिकरूपमा शङ्का र घृणाका पात्रहरू भएको कारणले जासुसहरूले जस पाउन निर्दोष र निरपराध इसाईहरूलाई धोका दिन तयार भएका थिए। तिनीहरूलाई देश द्रोही, स्थानीय धर्म वा आस्थाका शत्रुहरू र समाजको निम्ति बिषादी तत्वहरू हुन् भनेर देश र समाजले अभियोग लगाएका थिए। धेरै धेरै इसाईहरूलाई सिंह तथा जङ्गली पशुहरूको सामु जिउँदै हुत्याएका थिए भने रङ्गशालाहरूमा कतिपयलाई जिउँदै जलाएका थिए।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ४०बाट रूपान्तरित।

फेरि त्यही समयमा स्त्रीरूपी चर्च जङ्गलमा भागेर भूमिगत भएका थिए (प्रकाश १२:६)। चिलको जस्तो दुई पखेटाहरू भएको भनेर चर्च वा त्यस स्त्रीलाई सम्बोधन गरिएको छ। जहाँ हुनुपर्ने हो त्यहाँ उडेर गएकी थिइन् भनेर उनको बारेमा चित्रण गरिएको छ। जङ्गलमा उनलाई सम्हालिएको थियो र सर्प वा शैतानले उनलाई भेट्टाउन सकेको थिएन (प्रकाश १२:१४)। भयानक सतावटको बीचमा पनि परमेश्वरले बाँकी भएका केही विश्वासीहरूलाई सुरक्षित नै राख्नुभएको थियो र अन्तको समयमा पनि उहाँले त्यही गर्नुहुनेछ।

**सारा इसाईहरू त्राही त्राही भइरहेको अन्तिम समयहरूमा र सतावटको पीडा खप्नुपरेको दिनहरूमा उहाँका जनहरूलाई येशूले यो वाचा दिनुभएको थियो, "युगको अन्तसम्म म तिमीहरूको साथमा हुनेछु" (मत्ती २८:२० रूपान्तरित)। उहाँलाई विश्वास गर्नेहरूले अनेकौं पीडा र मृत्युको सामना गर्नुपरेतापनि उहाँको त्यस अचम्मको प्रतिज्ञालाई हामीहरूले कसरी बुझ्न सक्ने? (हेर्नुहोस् रोमी ८:३१-३९ "३१ हामीले यसमा के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ ? ३२ जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ? ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, ३४ दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ। ३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दु:खले,**

**वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।" र मत्ती १०:२८ "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ")।**

जतिसुकै सतावट, पीडा, दुःखकष्ट, अनिकाल र मृत्युकै सामना गर्नुपरेतापनि प्रभु येशूलाई भित्रि मनदेखि प्रेमगर्नेहरूलाई परमेश्वरको प्रेमबाट छुटाउन सकिन्न। येशूको उपस्थिति हामीहरूमा हुन्छ। त्यो चाहे अहिले होस् वा समयको अन्तमा होस्। त्यसको अर्थ येशूलाई विश्वास गऱ्यो भन्दैमा हामीहरूमा दुःख, पीडा, बिमार, परीक्षा र मृत्युपनि आउँदैन भनेको होइन। येशूलाई विश्वास गर्नेहरू कुनै खराब तत्वहरूबाट सुरक्षित हुनेछन् वा उसलाई सुरक्षा कवच पहिऱ्याइनेछ भनेर कहिल्यै पनि वाचा गरिएको छैन। तर त्यसको अर्थ प्रभु येशूद्वारा र उहाँले हाम्रो निम्ति के गर्नुभयो त्यसले गर्दा दुःख कष्टमा पनि परमेश्वर हामीहरूसँग हुनुहुन्छ भनि आशा लिएर बाँच्न सक्छौं र नयाँ स्वर्ग र नयाँ पृथ्वीमा हामीहरूले पाउने अनन्त जीवन सुरक्षित छ भनेर हामी ढुक्क हुनसक्छौं। यस संसारमा हामीले जे सहनुपरेतापनि हामीलाई पनि पावलमा भएको जस्तो आशा र प्रतिवद्धतामा रहन सक्ने क्षमता परमेश्वरले दिनुहुन्छ। उनले भनेका थिए, "८ अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।" (२ तिमोथी ४:८) यदि हामी येशूको आगमनलाई प्रिय ठान्छौं तब हामीले पनि त्यो आशाको दावी गर्न सक्छौं र पावलले पाएको प्रतिज्ञा हामीहरूको निम्ति पनि हो भनेर हामी ढुक्क हुनसक्छौं।

## ५. व्यवस्था वा दश आज्ञा र सुसमाचार

हामीहरू को हौं भन्नेकुरा हामीहरूको सेभेन्थ-डे एडभेन्टिस्ट नाउँले बताउँछ। सेभेन्थ-डे भन्नाले हप्ताको सातौं दिन साबथलाई औंल्याउँछ। तर केवल साबथदिनको मात्र प्रतिवद्धता नदेखाएर सम्पूर्ण दश आज्ञा मानव

संसारको निम्ति कायमै रहेको हामी जिकिर गर्दछौं। एडभेन्टिस्ट भन्नाले येशूको दोस्रो आगमनमा हामी विश्वास गर्छौं भनेर देखाउँछ। यो सत्यको अस्तित्व त्यसबेलादेखि शुरूभयो जब येशू मानव शरीर लिएर आउनुभयो र हाम्रो पापको निम्ति हामीहरूको सट्टा उहाँ मर्नुभयो। त्यसले गर्दा हामीहरूको सेभेन्थ-डे नाउँले दुई निर्णायक र कहिल्यै अलग नहुने तत्वहरूको वर्तमान सत्यलाई प्रस्तुत गर्छः परमेश्वरको दश आज्ञा वा व्यवस्था र सुसमाचार।

**व्यवस्था र सुसमाचार अर्थात् हामीमाथि परमेश्वरको प्रेमलाई देहायका पदहरूले कसरी झल्काउँछन्? हेर्नुहोस्ः यर्मिया ४४ः२३ "तिमीहरूले धूप जलाएका, तिमीहरूले परमप्रभुको विरुद्धमा पाप गरेका र उहाँको आज्ञापालन नगरेका, अथवा उहाँको व्यवस्था, विधि र नियमहरू पालन नगरेका हुनाले यो सर्वनाश, जो आज देखिन्छ, तिमीहरूमाथि आएको हो।", रोमी ३:१९-२६ "१९ अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अघि जवाफदेही होस्। २० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ। २१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।" र रोमी ७:७ " हामीले के भन्ने त ? व्यवस्था पाप हो ? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ।"**

सुसमाचार नै असल समाचार हो। सुसमाचार के हो भन्दा परमेश्वरको व्यवस्थालाई तोडेर हामीले पाप गरेतापनि ख्रीष्टले क्रुसमा के

गर्नुभयो त्यसले गर्दा उहाँमाथिको विश्वासद्वारा हामीहरूको पाप क्षमा हुनसक्छ। परमेश्वरको दश आज्ञाहरूलाई भङ्ग गरेतापनि येशूले गर्दा हामी निर्दोष ठहरिन सक्छौं। त्यतिमात्र नभएर परमेश्वरको व्यवस्थालाई पूरारूपमा पालन गर्न हामीलाई बल र शक्ति दिइएको हुन्छ।

त्यसकारण अन्तिम दिनहरूको सन्दर्भमा चर्चा गर्दा जब परमेश्वर र शैतानको बीचमा बिषेश निर्णायक घमासान विवाद वा युद्ध हुन्छ तब परमेश्वरका जनहरूको बारेमा विशेष चित्रण गरेर देखाइएको हुन्छ। त्यसमा हामीले अचम्म मान्नुहुन्न।

**प्रकाश १४:१२मा व्यवस्था र सुसमाचारको बीचमा के सम्वन्ध छ भनेर देखाइएको छ? हेर्नुहोस्: "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

**हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हुनाले परमेश्वरको व्यवस्थालाई पालन गर्नुपर्छ भनेर हामी दावी गर्छौं। तर कतिपय इसाईहरूले येशूको मृत्युपछि दश आज्ञाको औचित्य समाप्त भयो भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परम्परावादी भनेर आरोप लगाउँछन्। तर परमेश्वरप्रति प्रेम र उहाँको उद्धारप्रति आभारी भएर नै उहाँका आज्ञाहरूलाई शिरोपर गर्छौं भनेर ती इसाईहरूलाई कसरी चित्त बुझाउने? यस विषयलाई समर्थन जनाउन देहायका पदहरूले कसरी बुझाउन खोज्छ? व्यवस्था ११:१ "परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर, र उहाँका आदेश, विधिविधान र आज्ञाहरू सधैं पालन गर।" र १ यूहन्ना ५:३ "परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्।"**

## उपसंहार:

**थप जानकारी: प्रकाश १२:७-१२ पढ्नुहोस्, "७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो। त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए। १० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको**

**वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।"। सामग्री उपलब्ध भएमा एलेन जी ह्वाइटद्वारा लिखित पाट्रियार्क र प्रोफेटसको पृ. ३३-४३को "ह्वाइ वाज सिन पर्मिटेड" पढ्नुहोस्।**

"जबसम्म सारा सृष्टिका जीवहरूले परमेश्वरप्रतिको प्रेममा प्रतिवद्धता र बफादारिता देखाए तब सम्म परमेश्वरको जगतमा सिद्ध एकता र तालमेल थियो। तिनीहरूको सृष्टिकर्ताको चाहना पूरा गर्नुमा नै स्वर्गका दूतहरूको आनन्द थियो। परमेश्वरको महिमालाई प्रतिबिम्बित गर्न तिनीहरू खुशी मान्थे र उहाँको प्रशंसा गर्न रुचाउँथे।जहाँ परमेश्वरप्रतिको प्रेमले प्राथमिकता पाएको थियो र एक आपसको प्रेममा पनि विश्वसनीयता र निस्वार्थता झल्किन्थ्यो। सारा जगतको सेरोफेरोमा कुनै पनि असमानता थिएन। तर त्यो सुखमय वातावरणमा परिवर्तन आयो। परमेश्वरका सारा जीवहरूलाई, आत्मनिर्णयको स्वतन्त्रतालाई धक्का पुऱ्याउन एक जना खडा भयो। येशूको साथमा रहने र अत्यन्तै सम्मान पाएको जीवमा पाप उत्पन्न भयो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३५बाट रूपान्तरित।

"परमेश्वरको प्रेमप्रति बफादारिता र प्रतिवद्धता" भन्ने एलेन जी ह्वाइटका शब्दहरू हेर्नुहोस्। प्रेमले नै बफादारिता हुन मानिसलाई अग्रसर गराउँछ र त्यसबाट निष्ठावान हुन प्रतिवद्धता गराउँछ। कुनै पनि विवाहित पति वा पत्नीले आफ्नो श्रीमान वा श्रीमतीलाई आफ्नो निष्ठा जनाउन प्रेमलाई प्रयोग गर्दछ। स्वर्गमा त्यही चलन थियो। यही चलन वा प्रतिवद्धता परमेश्वरप्रतिको सम्बन्धमा हामीहरूको हुनुपर्छ।

**चिन्तनमनन:**

**अ. असल र खराबको युद्ध तथा महान् विवादमा शैतानको भूमिका वास्तविक छ भनेर बाइबलमा कुन कुन पदहरूले खुलाएको छ? शैतान कुनै मनगढन्ते वा केवल मानिसको दिमागमा खेलिने खराब तत्व नभएर वास्तविक नै हो भनेर मानिसहरूलाई कसरी बुझाउने?**

**आ. सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले हामीसँग अनेकौं अचम्मरूपमा बाइबलसम्बन्धी ज्ञानहरू छन्। तर ज्ञानको आवश्यकता भएतापनि हामीलाई मुक्ति पाउन केवल ज्ञानले**

मात्र पुग्दैन भनेर कसरी महसुस गर्ने? येशूको निष्ठामा रहन दिमागमा बौद्धिक ज्ञानले भरेर मात्र पुग्दैन अरू के पनि चाहिन्छ?

इ. तपाईंको आफ्नै जीवनमा येशूको उपस्थितिलाई कुन कुन तरिकाले अनुभव गर्नुभएको छ? विगतमा मात्र होइन त्यो पनि अहिले नै? ती अनुभवहरूले गर्दा तपाईंले आफ्नो जीवनमा जुनसुकै दुःखकष्टको सामना गर्नुपरेतापनि येशूप्रतिको बफादारितामा तपाईंलाई कसरी अडिग हुन सघाउँछ?

ई. प्रेममा निष्ठावान हुनु भनेको के हो त्यसको बारेमा चर्चा गर्नुहोस्। यस वाक्यले गर्दा व्यवस्था र अनुग्रह र विश्वास र आज्ञाकारीतासँग भएको सम्बन्धलाई अझ राम्रोसँग कसरी बुझाउन हामीलाई मद्दत गर्दछ? प्रेममा रहेर वास्तविक स्वतन्त्रता हुनु भनेको त्यसले हामीलाई कसरी सिकाउँछ? अहिले पनि परमेश्वरप्रतिको प्रेमको निष्ठालाई हामीले कुन कुन तरिकाहरूले व्यक्त गर्न सक्छौं?

कथा १

बदमास केटाको निम्ति प्रार्थना

**मार्शल आइलाण्डबाट**

**एलिसा अलबर्टसन, वर्ष २१**

पासिफिक समुद्रमा रहेका केही टापुकहरू मिलेर बनेको देश मार्शल आइलाण्डसमा इबाई सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा चलेको क्लासको पहिलो दिनमा सानो लोमानले स्कुलको युनिफर्म लगाएको थिएन।

दोस्रो दिनमा पाँच वर्षको केटा किन्डर गार्टेन क्लासमा भने स्कुलको युनिफर्म लगाएर आयो। त्यो युनिफर्म कालो पाइन्ट र खइरो कमिज थियो। उसले क्लासमा ध्यान दिएर राम्रोसँग सुन्न सकेन। उक्त कक्षामा पढाउने शिक्षिका एलिसा अलबर्टसन थिइ। उनी अमेरिकाको अलास्का राज्यबाट भर्खरै नयाँ ठाउँमा पढ़ाउन आएकी थिइन्। तर सानो केटो लोमालाई कक्षामा बस्न मन लागेको थिएन ऊ बाहिर अरू साथीहरूसँग बाटोमा खेल्न पाए पनि हुन्थ्यो भनेर सोचिरहेको थियो। उसका अरू साथीहरू स्कुलमा जाँदैनथे।

अनि लोमन कक्षामा यताउति चल्न थाल्यो र अरू केटाकेटीहरूलाई जिस्क्याउन र  चिमोट्न थाल्यो।

चकचके लोमनलाई चुप लगाउन एलिसाले धेरै कोशिस गरिन्। चुप लाग भनिन् र अरू केटाकेटीहरूबाट अलगै राखिन्। तरपनि लोमन चुपलागेर बसेन झन्  हा...हा....हीं..हीं .. गर्दै कराउन थाल्यो।

एलिसाले लोमनलाई हेडसरकहाँ लगिन्। हेडसरले लोमनलाई सम्झाउन खोजे तैपनि उसको बानी सुध्रिएन।उता किन्डर गार्टेन क्लासमा भर्खरै भर्ना भएका अरू १९ जना केटाकेटीहरू पनि धेरै चकचक गरिरहेका थिए। तिनीहरूले एक आपसमा र शिक्षिकालाई समेत चिथोरा चिथोर गर्न थाले। एक दिन त क्लासका सबै केटाकेटीहरू झ्यालबाट हाम फालेर बाहिर खेल्न जान लागेका थिए तर शिक्षिका एलिसाले तिनीहरूलाई जसोतसो गरेर रोकेकी थिइन्।

एलिसाले लोमनकी सानीआमासँग "ऊ किन त्यस्तो बदमास भएको" भनेर सोधिन्। सानीआमाले लोमनको घरको बारेमा एलिसालाई सुनाइन्। लोमनकी आमा भर्खरकी थिइन् अनि उसको बुबाचाहिँ जड्याँहा  थिए। तिनीहरू प्यासिफिक आइल्याण्डको अर्कै टापुमा बस्दथे र लोमन उसको सानीआमा र काकासँग इबेयी टापुमा बस्दथे। त्यो टापुमा १२,००० भन्दा बढी मानिसहरू बस्दथे।

लोमनको बारेमा सुनेपछि शिक्षिका एलिसालाई लोमनप्रति ज्यादै माया लागेर आयो। लोमनकी सानीआमालाई एलिसाले भनिन् "तपाईंको कुरा सुनेर मलाई कस्तो दुःख लाग्यो। विचरा ! उसलाई मायाको खाचो छ , अनि ऊ

पहिलो पल्ट स्कुलमा भर्ना भएको छ। उसलाई धेरै हेरचाह र स्नेहको आवश्यकता छ भन्ने मलाई लागिरहेकोछ।"

एक दिन लोमन शरीरभारी घाउ र निलडाम लिएर स्कुल आएको थियो।उसको एउटा आँखा पनि सुन्निएको थियो। लोमनको घरमा केही नराम्रो भएको हुनुपर्छ भन्ने एलिसाले सोचिन्।लोमंको वारेमा एलिसाले हेडसरसँग पनि कुरा गरिन्। तर तिनीहरूले लोमनलाई सहयोग गर्ने आँट गर्न सकेनन् किनभने घरायसी झगडा वा केटाकेटीको विषयलाई त्यस ठाउँका मानिसहरू प्राय सरकारलाई दोष दिन्थे। तिनीहारू भन्दथे बालिकालाई सहायता गर्न सरकारले वास्ता नै गर्दैन। तब एलिसा के गर्ने होला भनेर दोधारमा परिन, लोमनको परिवारलाई ऊ अटेरी र बदमास छ भनेर गुनासो पोखाउन् पनि छोडिन्। बरू परमेश्वरसँग प्रार्थना गर्न थालिन्। "एक दिन म स्कुलबाट घरमा फर्के। मैले रोएर प्रार्थना गरें। 'प्रभु लोमनालाई म कसरी सुधारु ? ऊ सुध्रिएर राम्रो भएको म हेर्न चाहन्छु।'" एलिसाले भनिन्।

क्लासरूमका बच्चाहरू सानै भएतापनि क्लासमा त आत्मिक लडाईं भइरहेको उनलाई महसुस भयो। "यही समय हो जब तिनीहरूले असल र खराब बानीहरू सिक्दछन्। यसै बेला शैतानले केटाकेटीहरूको दिमागमा खेलबाड गर्न चाहन्छ ताकि तिनीहरूले येशूतिर ध्यान नलगाउन्।" एलिसाले आफ्नो भावना व्यक्त गरिन्। एलिसाले सम्पूर्ण विद्यार्थी र लोमन जस्ता विधार्थीलाई सम्हाल्न गाऱ्हो भएको विषयमा मात्र होइन तर तिनीहरूका आमाबाबुको निम्ति पनि प्रार्थना गर्न थालिन्। परमेश्वरको प्रेमले उनको क्लास विद्यार्थीहरुले भरिउन भनेर उनले पुकारा गर्न थालिन्। प्रत्येक विद्यार्थी र तिनीहरूको परिवारको निम्ति हरेक बिहान र बेलुका उनी प्रार्थना गर्न थालिन्। "प्रार्थनाले मेरो क्लासरूम परिवर्तन हुनेछ भनेर मैले पक्का गरेकी थिएँ" एलिसाले भनिन्।

लोमनलाई कजाउन एलिसाले सबै बच्चाहरू घर गइसकेपछि पनि उसलाई भने क्लासमै राखेर उसकोनिम्ति ऊ संगै प्रार्थना गर्न थालिन्।उसलाई प्रार्थना गर्न पनि सिकाइन्। एलिसाको पछि-पछि प्रार्थना गर्दै लोमनले पनि प्रार्थना गर्न थाल्यो, "स्वर्गमा रहनुहुने हे प्रिय पिता। आजको दिनको निम्ति तपाईंलाई धन्यवाद छ। मेरो खाना जुटाइदिनु भएको निम्ति तपाईंलाई धन्यवाद छ। क्लामा कच-कच गरें मलाई माफी दिनुहोस्। मैले साथीहरूलाई दुःख दिएकोमा मलाई दुःख लागेको छ। मलाई माफ गरिदिनुहोस् र भोलि क्लासमा राम्रोसँग सुन्ने र दयालु हुने मन मलाई दिनुहोस्।"

एक दिन प्रार्थना गरिरहेको समयमा लोमनले एलिसालाई भन्यो "मिस, मिस, म पहिले यी सबै मेचहरू मिलाऊँ छु है त?" लोमनले उसको मिसलाई सहयोग गर्न चाहेको यो पहिलो पटक थियो।

सबैको निम्ति प्रार्थना गर्न थालेको दुई हप्ताभित्रै एलिसाले आफ्नो क्लासमा केही न केही परिवर्तन आएको महुसु गरिन्।अरु बच्चाहरूले क्लासमा फोहर गर्दा पनि अब त्यसलाई लोमनले सफा गर्न थालेको थियो। झगडा गर्ने बच्चाहरूको बीचमा उभिएर झगडा नगर भनेर सम्झाउन थाल्यो र एक आपसमा अँगालो हालेर माया गर्न सक्नुपर्छ भनेर लोमनले अरुलाई सिकाउन थाल्यो। अरू बच्चाहरूको व्यवहारमा पनि परिवर्तन आउन थालेको थियो। तिनीहरू एक आपसमा पहिलाको भन्दा मिल्न र माया गर्न थालेका थिए। "सरी, माफ गर्नुहोस्" भनेर भन्न थाले। जुन बच्चाले चित्त दुखाएका थिए तिनले पनि "ल, ल, तिमीलाई माफी भयो" भनेर अङ्गालो मार्न थाले। यी सबै घटनाहरुले एलिसालाई आफ्नो क्लासमा परमेश्वरको प्रेम भरिरहेको महसुस भैरहेको थियो।

शिक्षकहरूले पक्षपात गर्नु त हुँदैन तर एलिसाको निम्ति लोमन धेरै नजिक हुन पुगेको थियो। एक्काइस वर्षकी एलिसाले भनिन्, 'लोमन ज्ञानी बच्चा हो। तर उसलाई मायाको अभाव थियो र उसको घरमा झैंझगडा भैरहने भएकोले उसलाई शान्ति भनेको के हो सो कुरा महसुस हुन पाएको थिएन।" यस समयको भेटीको केही भाग इबेइ सेभेन्थ डे एडभेन्टिस्ट स्कुलका क्लासहरूको मर्मतको निम्ति सहयोग मिल्नेछ। त्यसले गर्दा लोमन जस्ता बालबालिकाहरूले प्यारो परमेश्वर पिताको वारेमा निरन्तररूपमा सिक्न सक्नेछन्।

*बालकको नाउँ परिवर्तन भएको छ। मार्शलेस ठाउँ अनुसार लोमनको अर्थ "यताउती बग्ने पानी" हो।*
*लेखक आन्ड्रयु माचेस्नी*

***मार्शन आइल्याण्ड वा टापुहरूको बारेमा छोटो जानकारीः***

अ) प्यासिफिक समुद्रमा रहेका टापुहरूको देश गणतन्त्र मार्शन आइल्याण्ड देश अमेरिकाको हवाई र अस्ट्रेलियाको बीचमा छ।

आ) मार्शिज र अङ्ग्रेजी भाषाहरू त्यस देशका मूल सरकारी भाषा हुन्।

इ) युनाइटेड चर्च अफ क्राइस्ट (५१.५ प्रतिशत) र एसेम्बेली अफ गड (२४.२ प्रतिशत) त्यस देशका मूल धार्मिक समूहहरू हुन्। त्यस देशका एक प्रतिशत जनताहरूमा सेभेन्थ-डे एडभेन्टिस्टहरू छन्।

ई) ग्वाम माइक्रोनेसिया मिशन अन्तर्गत मार्शल आइल्याण्ड चलिरहेको छ।

उ) ग्वाम माइक्रोनेसिया मिसनमा ५,५६५ चर्चका सदस्यहरू छन्। त्यहाँ २२वटा चर्चहरू र विश्वासीहरूको १५ समूह छन्।